# पियर रिसर्च ⁄ समुदायमा आधारित सामाजिक अनुसन्धान

लगन राई

विभिन्न सामाजिक विषयहरुको जिज्ञाशाको खोजी, ज्ञानको उत्पादन वा समाजिक समस्याहरुको  समाधनको उपायहरु विधिवत तरीकाले अनुसन्धान गर्ने प्रकिया समाजिक अनुसान्धन हो । समाजिक अनुसन्धान उदेश्य र अनुसन्धान पद्वतिको आधारमा विभिन्न प्रकारको हुने गर्छ । जसमध्ये समुदायमा आधारित सामाजिक अनुसन्धान पनि एक लोकप्रिय सामाजिक अनुसन्धानको पद्वति हो जसमा समुदायको सदस्यहरुको प्रत्यक्ष सहभागिता र सक्रिया भुमिका हुन्छ । पछिल्लो समयमा समुदायमा  सकारात्मक परिवर्तन ल्याउन र सामाजिक न्यायको पक्षमा वकालत गर्ने उदेश्यल संमुदायमा आधरित सामाजिक अनुसान्धनको प्रचलन बढ्दो छ । पियर रिसर्च पनि एकप्रकारको समुदायमा आधरित समाजिक अनुसन्धानको परिस्कृत स्वरुप हो । पियर रिर्सचमा समुदायको सदस्यहरु अनुसन्धानकर्ताका रुपमा समुदायबाहिरका विश्वविधालय वा सघंसस्थामा आवद्व अनुसन्धानकर्तासंग समान हैसियत राख्ने सहकर्मीहरुका रुपमा अनुसन्धानमा सक्रिया सहभागि हुन्छन ।

पियर रिसर्चको विशेषता

- पियर रिसर्चमा समुदायको सदस्यहरु अनुसन्धानकर्ताकोरुपमा सक्रिय सहभागि हुन्छन् । पियररिसर्चरहरु अनुसन्धानको सकेसम्म सवै तहमा (जस्तै अनुसान्धानको डिजाइन, डाटा संकलन, विश्लेषण, डिसिमिनेसन) प्रत्यक्ष संलग्न हुन्छन ।
- पियर रिसर्च लोकतान्त्रिक र समावेशीको सिद्धान्तमा आधारित हुन्छन् ।
- पियर रिसर्चमा बाहिरी अनुसन्धानकर्ताको भुमिका सहजकर्ताकोरुपमा हुन्छन् ।
- पियर रिसर्चको उदेश्य मुख्यत् अधिकार स्थपना गराउने, जनपैरवी गराउने, नीति निर्माण बनाउनकोलागि सहयोग पुरयाउने हो ।
- पियर रिसर्चमा अनुसन्धानकर्ता र अनुसन्घान वीचको दुरी कम हुन्छ ।
- पियर रिसर्चले सिमान्तकृत समुदयका युवा पुस्तालाई अनुसन्धानको प्राविधिक पक्ष सिक्ने, नेतृत्वको अभ्यास गर्ने, समुहमा काम गर्ने जस्ता आदि अवसरहरु प्राप्त हुन्छ ।
- पियर रिसर्चमा समुदाय बाहिरका अनुसान्धनकता र समुदायको रिसर्चरहरु भुमिका सहकर्मीकोरुपमा रहन्छ ।

पियर रिसर्चको केहि मान्यताहरु छन् । पहिलो मान्यता अनुसार, कुनैपनि समुदायको सदस्यहरु आपनो समुदायको विषयमा पोख्त हुन्छन । तसर्थ पियर रिसर्चजरहरु समुदायको भोगाइ, अनुभव, समस्याहरुको विज्ञ पनि हुन । समुदायको सदस्यहरु समाजिक परिवर्तनको लागि महत्वपुर्ण सम्वाहक हुन सक्छन् । दोस्रो, विश्वविधालयबाट औपचारिक शिक्षा वा तालिम हासिल गर्न वितिकै कुनैपनि व्यक्ति स्वत अनुसान्धनकर्ता भइ हाल्छ भन्ने पनि होइन । स्तरिय अनुसन्धानकर्ता बन्नको लागि अनुभव र अभ्यासको आवश्यकता पर्छ ।

विभिन्न विकसित तथा अविकसित मुलुकका सिमान्तकृत समुदायमा उनीहरुको हक अधिकार स्थापित गर्न पियर रिसर्चको अभ्यास सफल भएको पाइन्छ । ।यो सुनेपछि तपाईमा, पियर रिसर्चजर हुनको लागि आवश्यक योग्यता के हुन सक्छन् ?के समुदायको साधरण सदस्यहरुले पियर रिसर्चजरको भुमिकामा स्तरिय समाजिक अनुसन्धान गर्न सक्छन ? भन्ने जिज्ञाशा लाग्न सक्छ । यस सन्दर्भमा विभिन्न अध्ययन समाग्रीहरु को अध्ययनको निष्कर्षबाट के भन्न सकिन्छ भने, इच्छाशक्ति भएका सामान्य लेखपढ गर्न सक्ने र नेतृत्वदायिक भुमिका निर्वाह गर्न क्षमता भएका मुख्यत् युवा सदस्यहरु पियररिसर्चमा संलग्न भएका धेरै दृष्टान्तहरु पाइन्छ र हाम्रो जस्तो सिमित श्रोत र साधन भएको ठाँउमा पनि पियर रिसर्च बढि सान्दर्भिक हुन्छ ।

पियर रिसर्चजरले अनुसन्धान गर्न पुर्व मनन गर्नुपर्ने केहि कुराहरु:

- म के जान्न चाहन्छु ।
- म यो किन जान्न चाहान्छु ।
- म कसरी जिज्ञाशाको उतर, आवश्यक सुचना प्राप्त गर्न सक्छु ।
- संकलित सुचनाहरुको विश्लेषण म कसरी गर्छु ।
- प्राप्त गरेको सुचना, तथ्य, आपनो अध्ययनको उदेश्य परिपुर्ती वा समाजिक परिवर्तनको लागि सरोकारवालासंग म कसरी समन्वय गर्छु ।

पियर रिसर्चको केहि चुनौतीहरु :

- पियर रिसर्चमा समुदायको सदस्यहरुलाई संस्थागत सहयोगको आवश्यकता निरन्तर पर्छ ।
- पियर रिसर्चरको दैनिक कामकाज, सामाजिक तथा परिवारिक जिम्मेवारीका कारण अनुसान्धनको काममा असर पर्न सक्छ ।
- पियर रिसर्च पुर्णकालिन जागिर होईन । यद्दपि पियर रिसर्चजरले धेरै मेहनत र समय लगानी गर्नुपर्छ ।

- पियर रिसर्चमा कहिलेकाँही बाहिरबाट आएको अनुसान्घनकर्ता र  पियर रिसर्चजरहरुको व्यक्तिगत भोगाईहरु र बुझाईहरु फरक पर्न जाँदा उनीहरुवीच मतभेद भई  तनाव आउँन सक्छ ।  यस्तो परिस्थितिमा दुवै पक्षले धैर्यगरी समाधानको उपायाहरु खोज्न जरुरी हुन्छ । पियर रिसर्चरले समुदयको नेतृत्व गर्ने र आलौचनात्मक विश्लेषण गर्ने क्षमताको विकाश क्रमश गर्न आबश्यक छ । यसले पियर रिसर्चरलाई पुर्वग्राही हुनबाट बाचाउछ ।

फिल्ड नोट

सामाजिक अनुसन्धानमा फिल्डनोटको अति महत्व हुन्छ । फिल्ड नोट भन्नाले अनुसन्धानको क्रममा देखेको, सुनेको, मनमा उठेको विचारहरु, अनुभव आदिका समग्र टिपोट हो । फिल्ड नोटको उदेश्य_भनेको कुराकानी, घटनाको अवलोकन, अन्तरक्रियाको अनुभव, मनमा उठेको विचार र प्रश्न आदि रिकर्ड र पहिचान गर्ने हो । फिल्ड नोटले अनुसन्धानलाई गतिशिल बनाउँछ र दिसानिर्देशित गर्छ । अन्तरवार्ता  लिदा अडियो रेकर्डरको प्रयोग गरेपनि अनुसन्धानकर्ताले अनिवार्य टिपोट गर्नुपर्छ । अडियो रेकर्डमात्र प्रयोग गर्दा अन्तवार्ता दिने व्यक्तिको हाँउभाँउ, अन्तरवार्ता लिने व्यक्तिको अनुभव र प्रतिक्रिया छुट्न जान्छ । यसरी कुराकानी वा अन्तरवार्ता लिदा अडियो रिकर्डको साथै महत्वपुर्ण कुराहरुको नोट टिपेको छ भने पछि अडियो रिकर्ड   सुनेर त्यसलाई पुर्णता दिन सजिलो हुन्छ । अनुसन्धानको क्रममा अनुसन्धानकर्ताले कुराकानी, अन्तरवर्ता वा अवलोकनलाई  सधै यथासक्दो चाडो अनिवार्य टिपोट गर्नपर्छ ।   अनुसन्धानकर्ताले फिल्डनोट जुन दिनमा लिएको हो सकेसम्म त्यसैदिन अरुले पनि स्पष्ट बुझ्ने गरि सम्पादन गर्नुपर्छ । अन्यथा अनुसन्धानबाट अपेक्षित गरे अनुसार परिमाण आउन सक्दैन ।

फिल्ड नोटमा मुख्यत समेट्नु पर्ने विषयहरु निम्न छन् ।

कुराकानी : कुराकानी वा अन्तरवर्ताको नोट लिदा सहभागिहरु वा अन्तरवार्ता दिने व्यक्तिको भनाई संगै सो सहभागिहरुले कसरी बोलिरहेको छ भन्ने दृश्यलाई पनि नोट गर्नु पर्छ । जस्तै :

- उत्तरदाता कसरी बोलिरहेको छ,
- समुहमा छलफल गरेको सहभागिहरु कसरी अन्तरक्रिया गरिरहेकाछन्,
- कराकानी गर्दा उतरदाताको शाररिक हाउभाउ शाररीक संकेतहरु
- काराकानीको क्रममा उत्तरदाताको श्वरमा आएको उतरचढाव्
- उतरदाता वा सहभागिको अनुहारमा आएको भावहरु

छेउछाउबाट उठेको कुराकानी : मुख्य उतरदाता  बाहेक अन्य छेउछाउमा बस्ने व्यक्तिहरुले गरेका प्रतिक्रिया, कराकानी वा भनेका कुराहरु जो सिधै प्रश्न संग सम्बन्धित नभएपनि त्यसलाई टिपोट गर्नु पर्छ ।

वस्तुस्थिति : फिल्ड नोटमा कुराकानी वा अन्तरवार्ता लिदाँको परिस्थिति, वातावरण, त्यहाँ उपस्थित अन्य सहभागीहरुको भनाई र प्रतिक्रिया र वरिपरिको वस्तुस्थिति  पनि उल्लेख गर्नुपर्छ ।

अवलोकन : अवलोकन फिल्ड नोटको महत्वपुर्ण अंश हो । अवलोकन गर्दा क्यामेराको प्रयोग गर्न सकिन्छ तर कुनैपनि संवेदनशिल दुश्य, घटना वा व्यक्तिगत मान प्रठिष्टामा आँच आउन सक्ने दृश्य विना अनुमति फोटो लिन हुदैन । यस परियोजनाको **सन्**दभमा सडक निर्माण र सडक निर्माण संगै आवद्ध नीति निर्माणको प्रक्रिया र अभ्यास, सरकारी कामकाजको अवस्था, स्थानिय नेताहरुको भाषण, कर्मचारीहरुको व्यहार आदि अवलोकन गरेर टिपोट गर्नुपर्छ ।

व्यक्तिगत दुष्टिकाण र टिप्पनी :अन्तरवार्ता र अवलोकनमा अध्ययनको उदेश्य, विषय बस्तु अनुरुप आपनो व्यक्तिगत अनुभव र दृष्टिकाण फिल्डनोटमा उत्तरदाताले भनेको भन्दा फरक देखिने गरि इटालिकमा लेख्नुपर्छ ।

विषय वस्तु : टिपोट गर्दा उतरदाताले के के विषय वस्तु उठ्यो, कुन विषय वस्तुमा कसल के भनि रहेको छ भन्ने कुरा पनि लेख्नुपर्छ । नोट टेकरले अक्षरशः  वा संक्षेपमा मुख्य बुदाहरु लेख्नुपर्छ । कहिलेकाँही आवश्यकता अनुसारा दुवै तरीका संयक्तरुपमा प्रयोग गर्न सकिन्छ । यदि शव्दश र संक्षेपीकरण प्रक्रिया दुवै प्रयोग गर्ने हो भने उतरदाताले भनेको कुरा हुवहु अक्षरशः लेख्दा त्यसलाई इन्भरटेड कमीभत्र (उल्टो कमामा) राख्नुपर्छ ।

महत्वपुर्ण छफफहरुलाई पहिचान गर्ने : टिपोटमा अनुसन्धानकर्ताले कुनै छफफल अध्ययनको विषयसंग बढि सान्दर्भिक र महत्वपुर्ण लागेमा त्यसलाई विशेष चिन्ह दिई पहिचान गर्नुपर्छ । यसले पछि टान्सक्रिपशन गर्न वा अंग्रेजीमा अनुवाद गर्न र सुचनाहरु विश्लेषण गर्नमा मद्दत पुग्छ ।

पछाउनुपर्ने विषय वस्तु र व्यक्ति : फिल्डनोट लेखिसकेपछि अन्तमा पछि कुराकानीको लागि भेट्नु पर्ने व्यक्तिको संम्पर्क नम्वर र ठेगना वा पुन छलफल गर्नूपर्ने मुद्दाहरुको नोट गर्नुपर्छ ।

पिअर् रिसर्चले फिल्ड नोटमा उल्लेख गर्नुपर्नेकुराहरुः

- कुराकानी गरेको वा  अन्तरवार्ता लिएको व्यक्तिको नाम र विवरण
- अवलोकन गरेको, कुराकानी वा अन्तरवार्ता लिएको मिति,समय,जिल्ला ,गाँउ, स्थान
- कुराकानी वा अन्तरवार्तामा प्रयोग भएको भाषा
- कुराकानी, अवलोकन गर्दा वा अन्तवार्ता लिदाको परिस्थिति ( को को अपसथिति थिए,  विभिन्न व्यक्तिको भुमिका

## रिकर्डरको प्रयोग र ट्रान्सक्रिप्शन

कुराकानी वा अन्तरवार्तामा विधुतिय रेर्कडरको प्रयोग गर्नु अगाडि उत्तरदातालाई सुचित गरि अनुमति लिनुपर्छ। यस अनुसन्धान परियोजनमा कुराकानी वा अन्तरवार्ताको अडियो रिकर्डलाई पिअर रिसर्चर स्वयले देवनागरी लिपिमा ट्रान्स्क्रिप्शन गर्नपर्छ। यसरी अडियो रिकर्डको टान्सक्रिपसन गर्दा हुबहु अक्षरश गर्ने वा सारमा लेख्ने भन्ने कुराको निर्णय समय, श्रोत र अन्तरवार्ताको विषय वस्तुको महत्वमा निर्भर गर्छ। समान्यता अडियो रिकर्ड सुनेर कुराकानी वा अन्तरवार्ताको सारलाई मात्र संक्षेपमा लेख्न सकिन्छ। यसरी अन्तरवार्ताको संपेक्षमा ट्रान्सक्रिप्शन गर्दा अनुसन्धानकर्ताले कुराकानी वा अन्तरवार्ताको कममा तयार गरेको फिल्ड नोटलाई आधार मानेर हेर्दा सहयोगी हुन्छ। ट्रान्स्क्रिप्सन संक्षेपमा गरेपनि हाम्रो अध्ययनको विषय वस्तु जस्तै जनताको दैनिकी, सकड र शासन पणाली सम्वन्धि उतरदाताको महत्वपुर्ण भनाई, टुक्का, उखान, आदिलाई सकेसम्म हुवहु अक्षरश कोष्टक भित्र राख्नुपर्छ।

## अन्तरवार्ता

अन्तरवार्तामा अनुसन्धानकर्ता बीच र उत्तरदाता बीच दोहोरो अन्तक्रिया हुन्छ। अन्तरवार्ता निश्चित प्रश्नहरु भएको (ठोस संरचना) भएको, निश्चित प्रश्नहरु नभएको (खुल्ला संरचना) भएको वा आकस्मिक हुन सक्छ। ठोस संरचना भएको अन्तरवार्तामा पुर्व निर्धारित प्रश्न हरु मात्र सोधिन्छ भने खुल्लासंरचना भएको अन्तवार्तामा अन्तरवार्तालिने व्यक्तिसंग सम्बन्धित विषयमा आवश्यकता अनुसार प्रश्नहरु सोधिन्छ। अन्तवार्ताको कममा अन्तरवार्ता लिने व्यक्तिले नयाँ प्रश्नहरु सृर्जना गर्न सक्छ। अकास्मिक रुपमा कहिलेकाँहि रमाईलो सामान्य कुराकानीको अवसरमा कुराकानी अन्तरवार्तामा मोडिन सक्छ। अन्तवार्ता लिन शिप र अभ्यास जरुरी हुन्छ। अन्तरवार्तालिनको लागि तलका कुराहरु मनन् गरेमा त्यसले अन्तरवार्ता लिनमा सहयोग परयाउँछ।

अन्तरवार्ताको तयारीको अवस्थामा अनुसन्धानकर्ताले मनन गर्नुपर्ने कुराहरु :

- अनुसन्धानकर्ता आफुले के जान्न चाहेको हो भन्ने कुरामा स्पष्ट हुनुपर्छ।
- अनुसन्धानको उदेश्य अनुरुप प्रश्नहरु तयारी गर्नुपर्छ।
- मुख्य प्रश्नहरुसंग सम्बन्धित अन्य सहायक प्रश्नहरु (जस्तै के, किन, कसरी, कहाँआदि प्रसंगमा) तयार गर्नुपर्छ।
- अन्तरवार्ता सहजपार्न तयारी प्रश्नहरुलाई सोध्नु पुर्व समान्य बाट जटिल विषयमा कमबद्द गर्नुपर्छ।
- अनुसन्धानकर्ताले आपनो र अध्ययनको परिचयको राम्ररी तयारी गर्नुपर्छ। अन्तरवर्तादातालाई कसरी पुर्वसुचित गर्ने, गोपिनीयाताको बारेमा कसरी कुरा गर्ने भनेर तयारी गर्नुपर्छ।
- अनुसन्धानकर्ताले अन्तरवार्ता लिन पुर्व उतरदाताले सोध्न सक्ने प्रश्नकोबारेमा तयारी गर्नुपर्छ।

- अनुसन्धानकर्ताले अन्तरवार्ता लिन चाहेको व्यक्ति र विषयको बारेमा सकेसम्म धेरै जानकारी लिनु पर्छ । अन्तरवार्ता लिनु पर्ने व्याक्तिसंग अन्सुन्धानकर्ताले धुलमिल गरि एक आपसमा परस्पर विश्वास सृर्जना गर्नुपर्छ ।

- उत्तरदातासंग कहाँ कसरी भेटने भन्नेकुराको निधो गरि  अन्तरवार्ताको लागि सहज ठाँउ र आवश्यक समाग्री आदिको व्यस्थापन गर्ने ।

अन्तरवार्ता लिदा अनुसन्धानकर्ताले ध्यान दिनुपर्ने बुदाहरु :

- अन्तवार्ता लिने स्थल अन्तरवार्ता दिने व्यक्तिको सहजता र गोपिनियातालाई ध्यानमा राखी छान्नपर्छ ।

- अनुसन्धानकर्ताले औपचारिकरुपमा कुराकानी सुरुगर्नु भन्दा अगाडि अन्तरवार्ता लिनुपर्ने व्यक्ति संग अन्तरवार्ताको उदेश्य र अन्तरवार्ताको गोपिनीयाताको बारेमा सम्झाउनु पर्छ । अन्तरवार्तामा सहभागि हुन तयार भएकोमा  उत्तरदातालाई कृतज्ञा प्रकट गर्नुपर्छ । अन्तरवातालाई रिकर्ड गर्ने हो भने रिकर्डरको प्रयोगको लागि अनुमति लिन पर्छ । रेकडर प्रयोग गरेपनि  अनिवार्य रुपमा मुख्य कुराकानी टिपोट गर्नुपर्छ ।

- अन्तरवार्ता सुरु गर्नु भन्दा अगाडि अनुसन्धानकर्ताले अन्तरवार्ताको समय कति हुन सक्छ र त्यसको लागि उत्तरदातासंग समय प्रयाप्त भए नभएको यकिन गर्नु पर्छ । कुराकानी सामान्य प्रसंगबाट बाट  सुरु गर्नुपर्छ ।

- अन्तरवार्ताको कममा प्रश्नहरु छुटेको छ वा दोहोरिदै की छ भनेर बेलाबेलामा प्रश्नको नोटमा ध्यान दिनुपर्छ ।

- अन्तरवार्ताको कममा अनुसन्धानकर्ताले उतरदाताले भनेको कुराको संक्षेपमा दोहोराई तपाईलाईले भन्नुभएको यो हो भनि यकिन गर्नुगर्छ ।

- कुराकानीलाई सहज रुपमा अधि बढाउन आवश्यक प्रोबिङ गर्न पर्छ ।

- अनुसन्धानकर्ताले उतरदाताको कुरा मनैदेखि चाख मानेर सुन्नुपर्छ । संवेदनशील प्रश्न गर्दा वा उतरहरु सुन्दा अनुसन्धानकर्ताको अनुहार वा बोलीमा संवेदना झल्किनुपर्छ ।

- अन्तवार्ताको कममा अन्तरवार्ता दिने व्यक्ति र अनुसन्धानकर्ता बीचको संवादमा असमक्षदारी भएमा कुराकानीलाई एकछिन रोक्नु पर्छ र अनुसन्धानकर्ताले संवादलाई स्पष्ट पार्ने कोशिस गरेर मात्र अन्तरवार्ता अधि बढाउनुपर्छ ।

- अन्तरवार्ताको कममा उतरदाता बोल्दै गर्दा बीचमा रोक्नु हुदैन । अन्तरवार्ता लिने व्यत्तिले उतरदाताको कुरा धैर्य गरेर सुन्नुपर्छ । कुनैबेला उत्तरदातालाई उत्तरदिन समय लाग्न सक्छ । यस्तो वेलामा हतार गरेर अर्को प्रश्न सुरु गरिहाल्नु हुदैन । प्रश्नको जवाफ धैर्य गरेर कर्नुपर्छ ।

- प्रश्न गर्दा अनुसन्धानकर्ताले दोहोरो अर्थ लाग्ने खालको प्रश्न गर्नु हुदैन ।

- प्रश्न गर्दा उतरदातालाई निश्चित उत्तर दिन बाध्य बनाउने गरि प्रश्न सोध्नु हुदैन ।

- अनुसन्धानकर्ता कुनै प्रश्नहरु वा उतरदाता प्रति पुर्वग्राही हुनु हुदैन ।

- अन्तरवार्ता लिदा अनुसन्धानकर्ताले अन्तरवार्ताको क्रममा सकेसम्म धेरै टिपोट गर्नुपर्छ । महत्वपुर्ण टिपोटहरुलाई पछि छुट्टाउन सजिलो होस भन्ने हेतुले विशेष चिन्ह दिनुपर्छ । उत्तरदाताको कुनै शब्द,वाक्य वा भनाइ महत्वपुर्ण लागेमा त्यसलार्य हुबहू अक्षरशः उदृत गर्नपर्छ । अन्तरवार्ताको क्रममा उत्तरदाताको बोलीमा आएको उतरचढाव, लवज, सांकेतिक हाउभाउ आदि पनि उल्लेख गर्नुपर्छ ।

अन्तरवार्ता पछि अनुसन्धानकर्ताले ध्यान दिनुपर्ने बुदाहरु :

- अन्तरवार्ताको टिपोटको माथि अन्तरवार्ता लिएको मिति, उतरदाताको नाम, लिङ, उमेर, अन्तरवार्ता लिएको ठाउ, लेख्ने र टिपोटलाई सकेसम्म चाडो सम्पादन गरि त्यसलाई पुर्णता दिनुपर्छ ।

- मुख्य प्रश्न र त्यसको उत्तरहरुलाई संक्षेपमा लेख्नुपर्छ ।

- अन्तरवार्ता पछि आपनो मनमा उठेको विचारलाई टिपोटमा स्पष्ट गरि छुटै ठाँउमा लेख्नुपर्छ ।

- अन्तरवार्ता कस्तो भयो, आएको सुचना कतिको विश्वासयोग्य लाग्छ, त्यसको मुल्याङक लेख्नुपर्छ ।

प्रोबिङ : कुराकानीलाई निरन्तरता दिने र सोधेको प्रश्नहरुको उत्तर उत्खनन गर्ने कला

- कुराकानी वा अन्तरवार्ता गर्दा आवश्यक सुचनाको विस्तृत जानकारी लिन वा उत्तर दाताको भनाई स्पष्ट पार्न वा सुचनाको आधिकारता मापान गर्न आदिको लागि उतरदाता र अनुसन्धानकर्ता बीचको संबादलाई सहज र निरन्तर अधि बढाउने कलालाई प्रोबिङ भनिन्छ । कहिले काँही अन्तरवार्ता गर्दा खोजिएको सुचना सिधै नआउन सक्छ । यसको लागि अनुसन्धानकर्ताले प्रश्न सोध्ने र प्रोबिङ गर्ने शिपको अभ्यास गर्नु जरुरी हुन्छ । अनुसन्धानकर्ताको प्रश्न सध्ने र प्रोविङ गर्ने कलमा संकलित सुचनाहरुको गुणस्तर निर्भर हुन्छ ।

कुराकानी वा अन्तरवार्ताको कममा गरिने प्रोबिङको केहि नमुनाहरु

१. संबादलाई विस्तारै गति दिन, धच्चाउन वा निरन्तरता दिन गरिने प्रोविङ,

- अँ अँ
- ए हो, यसलाई विस्तारमा भन्न सक्नुहुन्छ ।
- हुन्छ, । भन्दै जानुस् ।
- यसबारेमा तपाई थप केहि भन्न चाहानु हुन्छ ।

२. कुराकानीको अन्तमा गरिने प्रोविङ

- अन्तरवार्ताको अन्ततिर आएपछि अन्तरवार्ता बन्द गर्न अगाडि अनुसन्धानकर्ताले सुचनाहरु कतै छुटेको छ भनि मनन् गर्नुपर्छ । यसको लागि निम्न तरिकाले प्रोविङगर्न सकिन्छ ।
- हाम्रो कुराकानीमा तपाई केहि थप गर्न चहानुहुन्छ ?
- मैले तपाईले आश गरेको प्रश्नहरु छुटाएको छु कि ?
- तपाई अन्तमा केहि विषय छुटेको भए थप्न चाहानु हुन्छ कि ?

३. विषयलाई गहिराउने गरिने प्रोविङ :

- उतरदातालाई कुनै विषयमा विस्तृत जानकारी गराउन निम्न तरीकाले प्रोबिङ्ग गर्न सकिन्छ । जस्तै :
- यसलाई विस्तृतरुपमा भन्न मिल्छ ।
- यो कुरा सुरु देखि भन्नु होस् न ।

४. व्यक्तिगत विचार, अनुभव, दृष्टिकाण खोताल्न गरिने प्रोबिङ :

- तपाइको विचारमा........।
- के यो तपाईको व्यक्तिगत दृष्टिकोण हो ?
- पहिलो चोटि गाउँमा मोटर आउँदा कस्तो अनुभव भयो ?

५. कुनै समाजिक असर, कारण ,  समाजिक संरचना वा मुद्दासंगको सम्बन्धलाई खोतल्न गरिने प्रोङ्गिब

- उत्तरदाताको उत्तरमाथि  किन ,कसरी भनेर सोध्ने ।

७. काल्पनिक अवास्थाको परिकाल्पना गरेर वा उदाहरण दिएर गरिने प्रोविङे

- एकछिनलाई मानौ सडक विस्तार हुदा तपाईले भनेजति मऔब्जा पाउनु भएन भने.....

८. कुराकानी विषयभन्दा बाहिर बहकिएको अवस्थामा गरिने प्रोविङ

- अधि हामीले कुरा गर्दैगरेको विषयमा फर्केर कुरा गरौ ।
- यस विषयमा पछि कुरा गरौ कि ?

## सन्दर्भ समाग्री


Access Alliance Multicultural Health and Community Services. (2011). Community Based Research Toolkit: Resource for Doing Research with Community for Social Change. Toronto, Canada: Access Alliance Multicultural Health and Community Services.

New Economics Foundation. (n.d.). Peer Research. Available online: http://b.3cdn.net/nefoundation/adf450674a98c3d917_lbrswyqp.docx

CHIWOS  PRA Training Working Group. (2013). CHIWOS Peer Research Associate Training Manual: English Quebec Version. Canadian HIV Women's Sexual and Reproductive Health

Cohort Study (CHIWOS): Toronto, Canada. Available online: www.chiwos.ca.

Center for Child and Family Research (CFCR) et.al. (n.d). Peer Research: How to Make Difference. London, UK: National Care Advisory Service.